मंगला गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

बाबियाचौर, म्याग्दी

गण्डकी प्रदेश, नेपाल

प.सं : २०७७/०७८

च.नं : ४६१

मिति: २०७६/०८/२५

विषय : सामुदायिक विद्यालयहरुलाई प्रस्तावना पत्र पेश गर्ने बारेको सूचना

मंगला गाउँपालिका स्थित सम्पूर्ण सामुदायिक विद्यलायहरु
मंगला गाउँपालिका बाबियाचौर, म्याग्दी

प्रस्तुत विषयमा यस गाउँपालिकाको आ.व. २०७७७८ को बार्षिक कार्यक्रम अनुसार ससर्त अनुदान (शिक्षा तर्फ) विद्यालय क्षेत्र विकास कार्यक्रम अन्तर्गत तपशीलमा उल्लेखित कार्यक्रमहरु कार्यान्वय गर्नु पर्ने भएकोले इच्छुक विद्यालयहरुले यसै साथ संलग्न ढाँचामा प्रस्तावना पत्र तयार गरी यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्रमा यस कार्यालयमा प्रश्तावना पत्र पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि सूचित गरीन्छ ।

तपशील

| क्र. सं | कार्यक्रमको नाम | प्राप्त कोटा | बजेट (इकाइ लागतमा) |
|---|---|---|---|
| १ | वास सुविधा भएको सौचालय निर्माण अनुदान | २ | प्रति कोटा ७ लाख |
| २ | तोकिएको सूचकांकको आधारमा कार्य सम्पादन गर्ने विद्यालयहरुलाई कार्य सम्पादनमा आधारित अनुदान | ५ | प्रतिकोटा ५० हजार |
| ३ | गणित विज्ञान र अंग्रेजी विषयकालागि क्रियाकलापमा आधारीत सामग्री Kits अनुदान | १ | प्रतिकोटा ५० हजार |
| ४ | माध्यमिक विद्यालयलाई विज्ञान प्रयोगशाला अनुदान | १ | प्रतिकोटा ६ लाख ५० हजार |
| ५ | माध्यमिक विद्यालयमा पुस्तकालय स्थापना तथा ब्यबस्थापन(फिक्सङ्ग, किताव खरिद तथा इ पुस्तकालय समेत ) | १ | प्रतिकोटा ६ लाख ५० हजार |
| ६ | शिक्षण सिकाईमा ICT को प्रयोग (कम्प्युटर इन्टरनेट,कनेक्टीभिटी इकुपमेन्ट तथा Kit खरिद) का लागि अनुदान | १ | प्रतिकोटा ६ लाख ५० हजार |

<u>प्रश्तावना पत्रसाथ पेश गर्नु पर्ने आबस्यक कागजातहरु र सर्त</u>

१. विद्यालयले प्राप्त गर्न चाहेको कार्यक्रमको अलग अलग प्रश्ताव पत्र पेश गर्नु पर्ने छ ।
२. वि.ब्य.स.को निर्णयको प्रतिलिपी तथा वडाकार्यालयको सिफारिस संलग्न गर्नु पर्ने छ
३. सौचालय निर्माण गर्ने विद्यालयले आबस्यकता अनुसारको जग्गा र थप वजेट विद्यालयबाट थप गर्ने प्रतिबद्धता पत्र
४. कार्य सम्पादनमा आधारित अनुदान प्राप्त गर्न विद्यालय अनुदान ब्यबस्थापन निर्देशिका २०७४को अनुसूचि ३ मा उल्लेखित कार्य सम्पादन सूचकका आधारमा विद्यालयले शैक्षिक गुणस्तर सुधारका क्रियाकलाप सहितको प्रश्ताव पेश गर्नु पर्ने छ ।
५. विगत बर्षहरुमा प्रदेश मन्त्रालय , शिक्षा विकास तथा समन्वय इकाई र यस गाउँपालिका र अन्य संघ संस्थाबाट कार्यक्रम प्राप्त भएको भए यस बर्ष प्राथमिकतामा राखिने छैन ।साथै क.म. संख्या ४,५, र ६ को कार्यक्रम माध्यमिक विद्यालयलाई १ पटक प्राप्त भै सकेको भए आधारभूत विद्यालयलाई प्रदान गरीने छ ।
६. क्र सं २-६ सम्मको कार्यक्रम माग गर्ने विद्यालयहरुले शिक्षण सिकाई समय मापन कार्य विधी २०७४ अनिवार्य रुपमा लागु गरेको हुनु पर्ने छ र गत शैक्षिक सत्रको शिक्षण सिकाई समय मापन कार्य प्रगति पेश गर्नुपने छ ।सो पेश नगर्नेलाई कार्यक्रम प्रदान गरिने छैन साथै गत बर्ष यसै प्रकृतिका कार्यक्रम परेका विद्यालयहरुले खर्चका कागजात नबुझाएको भए १५ दिन भित्र पेश गर्नु पर्ने छ ।

बोधार्थ

सूचना प्रविधी शाखा- website मा upload गरिदिनहुन

मंगला गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बाबियाचौर, म्याग्दी
गण्डकी प्रदेश, नेपाल

## प्रश्तावना पत्रको ढाँचा

१. विद्यालयको विबरण - विद्यालयको संक्षिप्त विबरण उल्लेख गर्ने , जस्तो अनुमति मिति संचालित कक्षा शिक्षक विद्यार्थी बिबरण  भौतिक अबस्था र अन्य

२. कार्यक्रम विबरण :

क. कार्यक्रमको नाम :

ख. कार्यक्रमको पृष्ठभुमि, आबस्यकता र औचित्य

ग. कार्यक्रमको उद्धेश्य

घ. सम्पादन गर्नु पर्ने मूख्य मूख्य काम

ङ . कार्यक्रम बाट प्राप्त हुने उपलब्धीहरु

च. कार्यक्रम सम्पन्न गर्ने कार्ययोजना

| क. स. | क्रियाकलापहरु | कार्य प्रकृया | जिम्मेबारी | समयाबधि |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

३. प्रश्तावित बजेट

माग गरीएको बजेट रकम :

विद्यालयको आन्तरिक श्रोतबाट ब्यहोरिने रकम

| क. स. | विबरण | इकाइ | दर | जम्मा | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

४. विद्यलाय ब्यबस्थापन समितिको निर्णयको प्रतिलिपी

५. सम्बन्धीत वडा कार्यालयको सिफारिस पत्र

विद्यालयको तर्फबाट

पेश गर्ने को नाम थर :

पद :

हस्ताक्षर

मिति

विद्यालयको छाप